STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त पुस्तक, स्मारिका आदि
छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २८० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ कार्तिक १२ गते शुक्रबार ❑ 29 Oct. 2021 ❑ पृष्ठ ६ ❑ मूल्य रू. २।-

## कांग्रेस महाधिवेशन मंसिर २४ देखि हुने

**रासस**
**काठमाडौं, ११ कार्तिक**

नेपाली कांग्रेसको १४औँ महाधिवेशन आगामी मङ्सिर २४ देखि २६ गतेसम्म हुने भएको छ।

पार्टीको केन्द्रीय निर्वाचन समितिको बिहीबार पार्टी केन्द्रीय कार्यालयमा बसेको बैठकले वडा तहदेखि प्रदेशसम्मका सम्पूर्ण निर्वाचन सम्पन्न गरेर आगामी मङ्सिर २४ देखि २६ गतेसम्म काठमाडौँमा १४ औँ महाधिवेशन सम्पन्न गर्नेगरी नयाँ मिति तोकेको हो । कांग्रेसले सिन्धुपाल्चोक, डोल्पा, बाँके, कैलाली सुर्खेत, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, बारा र पर्सा जिल्लाको वडा अधिवेशन कात्तिक २७ गते सम्पन्न गर्ने, गाउँ नगरपालिका अधिवेशन कात्तिक ३० गते सम्पन्न गर्ने, प्रदेशसभा क्षेत्रीय अधिवेशन मङ्सिर ३ गते, प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन मङ्सिर ६ गते र एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन भएको जिल्लाको अधिवेशन मङ्सिर १० गते सम्पन्न गर्ने जनाएको छ।

यस्तै सोलुखुम्बु, दार्चुला र म्याग्दीको प्रदेशसभा क्षेत्रीय अधिवेशन कात्तिक २७ गते र जिल्ला अधिवेशन मङ्सिर १ गते सम्पन्न गर्नेगरी मिति तोकेको छ। जुम्ला जिल्लाको भने जिल्ला अधिवेशन मङ्सिर १ गते हुनेछ।

वडा र पालिका अधिवेशन सम्पन्न भइसकेका काठमाडौँलगायतका ४६ जिल्लाको प्रदेशसभा क्षेत्रीय अधिवेशन मङ्सिर १ गते, प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन मङ्सिर ६ गते र जिल्ला अधिवेशन मङ्सिर १० गते सम्पन्न गर्नेगरी समय तोकिएको निर्वाचन समितिका सदस्य एवं वरिष्ठ अधिवक्ता गोपालकृष्ण घिमिरेले जानकारी दिनुभयो।

कांग्रेसले प्रदेश अधिवेशन भने मङ्सिर १६ र १७ मा गर्ने जनाएको छ। यसअघि मङ्सिर ९ देखि १३ मा हुने भनिएको महाधिवेशन निर्वाचन समितिले केही समयका लागि सारेको हो । कांग्रेसले रौतहट र रसुवा जिल्लाको क्रियाशील सदस्यता विवाद भने हालसम्म टुङ्ग्याउन सकेको छैन।

## प्रेस सेन्टर कास्कीको अधिवेशन कात्तिक १७ गते

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ कार्तिक**

प्रेस सेन्टर नेपाल कास्कीको अधिवेशन यही कात्तिक १७ गते पोखरामा हुने भएको छ।

सेन्टरको बिहीबार बसेको केन्द्रीय सदस्य सहित कास्कीको पदाधिकारी बैठकले सम्मेलनको मिति तय गरेको । नेकपा माओवादी केन्द्रका स्थायी कमिटीका सदस्य एवं संघीय सरकारका शिक्षा संस्कृति तथा विज्ञान प्रविधिमन्त्री देवेन्द्र पौडेलको प्रमुख आतिथ्यतामा अधिवेशनको उद्घाटन गरिने प्रेस सेन्टर कास्कीका संयोजक सन्देश श्रेष्ठले जानकारी दिनुभयो । अधिवेशनको तयारी स्वरुप नयाँ सदस्यता वितरण र नविकरणको कामलाई तीव्रता दिइएको छ।

यसैगरी प्रचारप्रसार, अतिथि सत्कार, आर्थिक लगायतका उपसमिति गठन गरी सम्मेलनको काम अघि बढाइएको संयोजक श्रेष्ठले जानकारी दिनुभयो।

बैठकमा प्रेस सेन्टरका गण्डकी प्रदेश इन्चार्ज एवं नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य त्रिभुवन पौडेलले गौरवपूर्ण इतिहास बोकेको प्रेस सेन्टरलाई आगामी अधिवेशनबाट आउने नेतृत्वले नयाँ उचाई पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो। अधिवेशन भव्य र सभ्य रुपमा सम्पन्न गर्न आफ्नो तथा प्रदेश कमिटीको तर्फबाट आवश्यक सहयोग गर्ने प्रतिवद्धता उहाँले व्यक्त गर्नुभयो।

नेकपा माओवादी केन्द्र पोखरा महानगर कमिटीका अध्यक्ष विश्वप्रकाश लामिछानेले प्रेस सेन्टरले संगठन विस्तारमा जोड दिनुपर्ने बताउनुभयो । बैठकमा प्रेस सेन्टर गण्डकी प्रदेशका सहइन्चार्ज माधव पनेरु,केन्द्रीय सदस्यहरु रामप्रसाद तिमिल्सिना, राधिका कँडेल लगायतलको सहभागिता रहेको थियो।

## नेकपा (एकीकृत समाजवादी)को विभिन्न आयोग, परिषद् र मञ्च गठन

**रासस**
**काठमाडौं, ११ कार्तिक**

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)ले विभिन्न आयोग, परिषद् मञ्च गठन गरेको छ।

शिवबहादुर देउजाको अध्यक्षतामा ३५ सदस्यीय केन्द्रीय अनुशासन आयोग, भरतकुमार श्रेष्ठको अध्यक्षतामा ३५ सदस्यीय केन्द्रीय लेखापरीक्षण आयोग, माधव पौडेलको अध्यक्षतामा ३५ सदस्यीय केन्द्रीय निर्वाचन आयोग र केन्द्रीय सल्लाहकार परिषद् गठन गरिएको हो । उक्त परिषद्मा सम्पूर्ण प्रदेशबाट प्रतिनिधित्व हुने पोलिटव्यूरो सदस्य दीलुकुमारी पन्तले जानकारी दिनुभयो ।त्यस्तै सम्पूर्ण प्रदेशबाट प्रतिनिधित्व हुने गरी केन्द्रीय ज्येष्ठ कम्युनिष्ट मञ्च गठन गरिएको छ।

पार्टीको केन्द्रीय निकायका रूपमा केन्द्रीय परिषद् गठन गरिने भएको छ। उक्त परिषद्मा केन्द्रीय कमिटी, केन्द्रीय आयोग, केन्द्रीय सल्लाहकार परिषद् र केन्द्रीय ज्येष्ठ कम्युनिष्ट मञ्चका सबै पदाधिकारी तथा सदस्य र जिल्ला कमिटीका अध्यक्षहरू रहनेछन्।

ती निकायमा हरेक निर्वाचन क्षेत्रका आधारमा आउने सङ्ख्यामा कम्तीमा एकतिहाइ महिला सदस्य हुनुपर्ने छ । हरेक जनसङ्गठनबाट सम्बन्धित सङ्गठनमा रहेको सङ्गठित सदस्य सङ्ख्याको अनुपातमा प्रतिनिधित्व हुनुपर्ने र खुला रूपबाट पनि केही सङ्ख्याका सदस्य समावेश गरिने भएको छ। केन्द्रीय कमिटीले केन्द्रीय परिषद्का सदस्यलाई आवश्यकतानुसार विभिन्न फाँट तथा जिल्लाको सह-इञ्चार्जको जिम्मेवारी दिन सकिनेछ। यसैगरी केन्द्रीय परिषद्का सदस्य प्रदेश कमिटीको सदस्य वा जिल्ला कमिटीको पदाधिकारी पनि ती निकायमा रहन सक्नेछन्।

केन्द्रीय आयोग, केन्द्रीय सल्लाहकार परिषद् र केन्द्रीय ज्येष्ठ कम्युनिष्ट मञ्चमा अध्यक्ष उपाध्यक्ष र सचिव पदाधिकारी रहनेछन्।

प्रदेश तथा स्थानीय तहका कमिटीमा भने एक अध्यक्षसहित दुई उपाध्यक्ष, एक सचिव र तीन उपसचिव गरी सात पदाधिकारी रहनेछन् । प्रदेश तथा स्थानीय कमिटीका सात पदाधिकारीमध्ये कम्तीमा एक महिला हुनुपर्नेछ । विभिन्न जनवर्गीय सङ्गठन गठन गर्ने क्रम पनि जारी छ।

## तोकिएकै समयमा खोप उपलब्ध गराउन प्रधानमन्त्रीको निर्देशन

**रासस**
**काठमाडौं, ११ कार्तिक**

प्रधानमन्त्री शेरबहादुर देउवाले सबै नागरिकलाई खोप उपलब्ध गराउने सरकारी लक्ष्य पूरा गर्ने काममा कुनै कसर बाँकी नराख्न सम्बद्ध निकायलाई निर्देशन दिनुभएको छ।

बिहीबार यहाँ बसेको कोभिड-१९ सङ्कट व्यवस्थापन समन्वय केन्द्रको पहिलो बैठकमा प्रधानमन्त्री देउवाले दाताको सहयोगमार्फत वा आफैँ खरिद गरेर भए पनि समयमै सबै नागरिकलाई निःशुल्क खोप उपलब्ध गराउन सम्बद्ध सबै निकायलाई निर्देशन दिनुभएको छ।

उक्त बैठकमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले दिएको प्रस्तुतिकरणअनुसार अहिलेसम्म कूल जनसङ्ख्याको ३४ प्रतिशतले पहिलो र २२ प्रतिशतले दुवै मात्रा खोप लगाएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव महेश्वर न्यौपानेले जानकारी दिनुभयो । असोज मसन्तसम्म एकतिहाइ जनसङ्ख्यालाई खोप लगाउने सरकारी लक्ष्यअनुसार पहिलो मात्राका हिसाबले पूरा भएको छ। सरकारले यसै वर्षको चैत मसान्तसम्ममा सबै नागरिकलाई खोप लगाइसक्ने लक्ष्य लिएको छ। विगतमा कोभिड-१९ रोकथाम तथा नियन्त्रणका लागि जारी भएको अध्यादेश निष्क्रिय भइसकेपछि नेपाल सरकारले त्यसको व्यवस्थापनका लागि असोजमा आदेश जारी गरी सिसिएमसीलाई कोभिड-१९ सङ्कट व्यवस्थापन समन्वय केन्द्रमा रुपान्तरण गरेको थियो। बैठकमा उक्त केन्द्रबाट अहिलेसम्मको प्रगति विवरणको विषयमा र स्वास्थ्य मन्त्रालयबाट हालको कोभिड-१९ सङ्क्रमणको राष्ट्रिय र अन्तर्राष्ट्रिय अवस्था तथा खोपका बारेमा प्रस्तुतिकरण भएको थियो । बैठकले उक्त समन्वय केन्द्रको जनशक्ति व्यवस्था र सङ्गठन संरचना स्वीकृत गर्ने निर्णय पनि गरेको सचिव न्यौपानेले जनकारी दिनुभयो। सरकारले अवकाशप्राप्त रथी बालानन्द शर्माको नेतृत्वमा उक्त केन्द्र बनाएको थियो। बैठकले केन्द्रबाट हालसम्म भएको कामका लागि धन्यवाद दिएको छ।

## एमालेको महाधिवेशनका लागि प्रतिनिधिको मापदण्ड तय

**रासस**
**काठमाडौं, ११ कार्तिक**

नेकपा (एमाले) ले पार्टीको दशौँ राष्ट्रिय महाधिवेशनमा भाग लिने प्रतिनिधिको मापदण्ड तय गरेको छ।

बिहीबार भएको सो पार्टीको स्थायी कमिटीको बैठकले मापदण्डका आधारमा देशभरका सात लाख २१ हजार पार्टी सदस्यबाट एक हजार ५३६ प्रतिनिधि छान्ने भएको तय गरेको हो। एमालेका प्रवक्ता प्रदीपकुमार ज्ञवालीले ३३ प्रतिशत महिलासहित समावेशीताका आधारमा सङ्घीय निर्वाचन क्षेत्रबाट प्रतिनिर्वाचन क्षेत्रमा एक हजार ५०० पार्टी सङ्गठित सदस्य बराबर दुई खुला र एक महिला चयन हुनेछन्।

निर्वाचन क्षेत्रमा एक हजार ५०० प्रतिनिधिभन्दा एक हजार सदस्य बढी भएपछि थप एक जना प्रतिनिधि थपिने र तीन हजार बढी सदस्य भए दुई महिलासहित छ जना प्रतिनिधि चयन हुनेछन् । महाधिवेशनमा केन्द्रीय कमिटी, केन्द्रीय आयोग र सल्लाहकार परिषद्बाट २६२ जना पदेन प्रतिनिधि हुनेछन् । यस्तै भूगोलबाट एक हजार १९६ र प्रवास क्षेत्रबाट २० र पार्टी निकट प्रत्येक जनसङ्गठनबाट पाँच जना प्रतिनिधि चयन हुनेछन् । बैठकमा स्थानीय तहका पार्टी कमिटीको अधिवेशनको समीक्षा पनि कार्यसूची राखिएको पार्टीका केन्द्रीय कार्यालय सचिव शेरबहादुर तामाङले जानकारी दिनुभयो।

स्थायी कमिटीले तय गरेको मापदण्डलाई पार्टीको शुक्रबार बस्ने केन्द्रीय कमिटीले अनुमोदन गर्नेछ । एमालेको महाधिवेशन आगामी मङ्सिर १० देखि १२ गतेसम्म चितवनमा हुँदैछ।

## थप ५९१ संक्रमित

**रासस**
**काठमाडौं, ११ कार्तिक**

नेपालमा पछिल्लो २४ घण्टामा कोरोना भाइरसको ५९१ सङ्क्रमित देखिएका छन्।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले बिहीबार सार्वजनिक गरेको तथ्याङ्कमा ११ हजार ३५५ जनामा कोरोना परीक्षण गर्दा ५९१ जनामा सङ्क्रमण पाइएको हो । आज थपिएकासँगै देशभर सक्रिय सङ्क्रमितको सङ्ख्या १० हजार २३६ पुगेको छ। पाँच सयभन्दा बढी सङ्क्रमित भएका जिल्ला चार र २०० भन्दा बढी सङ्क्रमित भएका जिल्ला

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## तनहुँमा ठूला दलका नेतृत्वमा महिला न्यून

**पोखरापत्र संवाददाता**
**दमौली, ११ कार्तिक**

दुई मुख्य ठूला दल नेपाली कांग्रेस र नेकपा (एमाले ) का वडा अधिवेशन हालै सम्पन्न भयो।

कांग्रेस तनहुँको दशवटै पालिका स्तरमा पनि अधिवेशन सम्पन्न भइसक्यो भने एमालेको पालिका अधिवेशन सम्पन्न हुने चरणमा छ । एमाले तनहुँले ६ पालिकामा अधिवेशन सम्पन्न गरेको छ भने चार पालिकामा अधिवेशन हुन बाँकी छ।

ती दलका नेतृत्वमा महिलाको सङ्ख्या भने न्यून छ । कांग्रेसको पालिका तहमा महिलाको नेतृत्व शून्य छ भने एमालेको एक पालिकामा महिलाले नेतृत्व भएको छ। दश स्थानीय तहमध्ये आँबुखैरेनी गाउँ कमिटीको अध्यक्षमा मीना अधिकारी अध्यक्ष चुनिनुभएको छ । कांग्रेसको भने दश वटै पालिकामा महिलाले नेतृत्व गर्ने अवसर पाएका छैनन्। एमालेको म्याग्दे, ऋषिङ, घिरिङ र देवघाट गाउँ कमिटीको अधिवेशन हुन बाँकी छ।

ती स्थानीय तहमा पनि महिला नेतृत्वमा आउने सम्भावना एकदमै कम छ । चार स्थानीय तहको पदाधिकारीमा भने महिलाको प्रतिनिधित्व भएको छ । व्यास नगर कमिटीको उपसचिवमा सीता थापा पाण्डे, भानुका उपसचिवमा रुपा लामा, शुक्लागण्डकीमा उपसचिवमा विष्णुमाया ढकालले मौका पाउनुभएको छ। वडा तहको अधिवेशनमा भने एमालेका दुई महिला वडाध्यक्षमा निर्वाचित भएका थिए । जिल्लाका ८५ वडामध्ये दुई वडामा मात्रै महिलाले नेतृत्व गर्ने अवसर पाएका हुन् । अधिवेशनबाट शुक्लागण्डकी नगरपालिका-९ का अध्यक्षमा गीता महत र आँबुखैरेनी गाउँपालिका-२ को अध्यक्षमा सम्झना विक निर्वाचित हुनुभएको छ।

गत असोजमा सम्पन्न कांग्रेसको महाधिवेशन अन्तर्गत जिल्ला चार वडामा महिला वडाध्यक्ष निर्वाचित भएका थिए। व्यास -१४ का वडाध्यक्षमा नरीमाया राना, बन्दिपुर -४ का अध्यक्षमा सीता थापा, बन्दिपुर -५ का अध्यक्षमा रीता तिवारी र ऋषिङ -१ का वडाध्यक्षमा सविना राना निर्वाचित हुनुभएको थियो । एमाले नेतृ बसुन्धरा घर्तीले अझै पनि महिलालाई नेतृत्व दिन नचाहने प्रवृत्ति कायमै रहेको र महिलाले अवसर पाए नेतृत्व गर्न सक्षम रहेको बताउनुभयो। "महिलालाई सहजै नेतृत्वमा आउन दिइँदैन, पुरुष प्रवृत्ति हावी छ," उहाँले भन्नुभयो।

एमाले जिल्ला सचिव भगवती न्यौपानेले सबै पालिकाहरूमा महिलाको सक्रियता उत्साहजनक रहेको बताउनुभयो । पुरुषवादकै कारण महिला नेतृत्वमा आउनलाई समस्या भइरहेको नेपाल महिला सङ्घका अध्यक्ष पवित्रादेवी पौडेलको भनाइ छ । उहाँले भन्नुभयो "महिलालाई हेर्ने दृष्टिकोण दोस्रो दर्जाको रहेको छ , यसलाई परिवर्तन गर्न आवश्यक छ।"



# चौथो अभियानकप भलिबल प्रतियोगिता सुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ कार्तिक**

अभियान युवा क्लवको आयोजनामा बिहिवारदेखि चौथो अभियान भलिबल प्रतियोगिता सुरु भएको छ।

प्रतियोगिताको पहिलो दिन ४ खेल सम्पन्न भएका छन् । पोखरा ५ मालेपाटन बाराही माध्यामिक विद्यालयको खेल मैदानमा भएको पहिलो खेलमा शान्ता भलिबल ट्रेनिङ सेन्टरले वियन्का कृषि फार्मलाई ३-० को सोझो सेटमा हराएको छ । पहिलो सेट २५-७ को फराकिलो अंकले शान्ताले जितेपनि दोस्रो सेटमा भने कृषिफार्मले केहि सुधारिएको खेल देखाएको थियो । तर, शान्ता भलिबल ट्रेनिङले दोस्रो सेटपनि आफ्नो पक्षमा पार्न सफल रह्यो । शान्ताले दोस्रो सेट २५-२३ तथा तेस्रो सेटमा २५-१८ को जित निकाल्यो । दोस्रो खेलमा मट्टिखान युवा क्लबले मालेपाटन भलिबल ट्रेनिङ सेन्टरलाई ३-० कै सोझो सेटमा पाखा लगायो । मट्टिखानले मालेपाटनलाई पहिलो सेटमा २५-२० ले हरायो । दोस्रो सेटभने निकै रोमाञ्चक बन्न पुग्यो । दोस्रो सेटमा पनि अन्ततः मट्टिखाननै हावि हुदैं ३४-३२ को जित निकाल्यो । तेस्रो सेटमा २५-२३ ले हराउँदै सोझो सेटले जित आफ्नो पक्षमा पारेको हो । तेस्रो खेलमा भने कृस्ती युवा



मिलन क्लबले कुदवि डाडाँ युथ क्लब माथि ३-२ सेटको पुनरागमन जित निकाल्यो । पहिलो र दोस्रो सेटमा २५-२३ र २५-१६ ले पछि परेको कृस्तीले तेस्रो सेटबाट भने लगातार जित आफ्नो पोल्टामा पार्‍यो । तेस्रो सेटमा २५-१५ को जित निकालेको कृस्तीले चौथो सेटमा २५-२१ को जित निकाल्दै खेललाई निकै रोमाञ्चकता तर्फ धकेलेका थिए । अन्तिम सेटमा १५-८ को सेटले हराउँदै पुनरागमन जित निकालेको हो ।

बिहिवारको अन्तिम खेलमा बाराही माविले शसस्त्र प्रहरी बल कालिका गणलाई ३-० को सोझो सेटमा पाखा लगायो । बाराहीले २५-१८, २५-२० र २५-२१ को सेटमा हरायो । प्रतियोगितामा कुल १२ टिमको सहभागिता रहेको छ ।

प्रतियोगिताको उद्घाटन गर्दै पोखरा महानगरपालिकाका प्रवक्ता एवम् पोखरा महानगरपालिका ५ का वडाअध्यक्ष धनबहादुर नेपालीले क्लबले निकै उत्कृष्ट कार्य गरेको बताए । प्रतियोगिताले नयाँ खेलाडी उत्पादनमा इट्टा थप्ने काम गरेको उनले सुनाए । उनले मालेपाटन पोखराको खेलकुद विकासका लागि महत्वपूर्ण स्थान रहेको बताए । ' हाम्रो वडा खेलकुदका लागि निकै महत्वपूर्ण वडा हो । यहाँ क्रीकेट ,व्याडमिन्टन,फुटबल, ठेलो लगायतका खेलहरु हुँदै आइरहेको छ । अब बास्केटबल कोर्ट पनि निर्माणको अवस्थामा छ' उनले भने । विश्वमा नेपाललाई खेलकुदको माध्यमबाट चिनाउन सकिने उनको भनाइ थियो ।

सोहि अवसरमा बोल्दै खेल संयोजक एवम् क्लबका अध्यक्ष राजु गिरीले क्लबले आयोजना गरेको प्रतियोगिताको सुरुवाती संस्करणमा केहि विवाद आउने गरेपनि पछिल्लो समय भने सौहाद्रपूर्ण वातावरणमा खेल हुने गरेको बताए । क्लबले आम्दानीका लागि नभई भलिबल खेलको विकासका लागि प्रतियोगिताको आयोजना गरेको बताए । कार्यक्रममा क्लबका निवर्तमान अध्यक्ष मोहन केसी, बाराही मावि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बिष्णु बराल, फेवा बचत तथा ऋण सहकारी संस्थाका प्रमुख कार्यकारी अध्यक्ष हरिभक्त पौडेल लगायतले आफ्नो भनाइ राखेका थिए ।

प्रतियोगितामा विभागीय क्लब सशस्त्र प्रहरी बल कालिका गण, कृस्ती युवा मिलन मञ्च, शान्त भलिबल ट्रेनिङ सेन्टर भकुण्डे, नव सृजनशिल युवा क्लब पुरन्चौर, बियन्का कृषि फर्म तथा पशुपालन मझेरीपाटन, मालेपाटन भलिबल ट्रेनिङ सेन्टर, मट्टीखान युवा क्लव, खुँदी डाँडा युवा क्लब, जागृति युवा क्लव सराङकोट पँदेली, बाराही मावि मालेपाटन, पोखरा टप्स एजुकेशन र मिडिया टिम पोखरा रहेका छन् । प्रतियोगिताको विजेताले नगद ५५ हजार ५ सय ५५ रुपैँया सहित ट्रफि, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । त्यस्तै उपविजेताले नगद रु २५ हजार ५ सय ५५ रुपैँया सहित ट्रफि, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । विधागत पुरस्कार तर्फ भने ट्रफि रहेको छ ।



प्याराग्लाइडिङ गर्दै पर्यटक : पोखराको सराङकोटबाट प्याराग्लाइडिङ गर्दै पर्यटकहरु । कोरोना संक्रमण घटेसँगै पछिल्लो समय प्याराग्लाइडिङ गर्ने पर्यटकको संख्या बढ्दै गएको छ । तस्बिरः राधिका कँडेल, रासस

# डायमण्ड माविमा उत्प्रेरणात्मक तालिम

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ कार्तिक**

पोखरा महानगरपालिका २७ तालचोक स्थित डायमण्ड मावि मा विद्यार्थीहरूको लागि एक दिने उत्प्रेरणात्मक तालिम सम्पन्न भएको छ।

कक्षा ६ देखि १२ सम्म का विद्यार्थीहरू का लागि नेपालका ख्यातिप्राप्त उत्प्रेरक रवि किरण श्रेष्ठ द्वारा २ चरण मा ७७५ जना विद्यार्थी लाई सो तालिम प्रदान गरिएको हो । उक्त तालिमको अवसरमा केही नयाँ काम गर्न पुरानो बानी र व्यवहार छोड्नुपर्ने, आफ्नो सम्बन्ध मा आफू नै सबै भन्दा बढी जानकार हुने हुनाले अरूले गर्ने टिप्पणी भन्दा आफ्नो सोच र व्यवहार मा विश्वास गर्ने, बाहिरी रूप जे जस्तो छ त्यसलाई स्वीकार गरेर गुण र चरित्र को विकास मा जोड दिनुपर्ने, जीवन मा सङ्गत को गहिरो असर पर्ने हुनाले आफ्नो उद्देश्य मा सहयोगी हुने साथी को



चयन गर्नुपर्ने, शिक्षा दिने शिक्षक र जन्म तथा कर्म दिने बाबू-आमा प्रति सदा विनम्र बन्नुपर्ने जस्ता विचार लाई बडो प्रभावकारी रूपमा अनुभूति हुने गरी प्रस्तुत गरिएको विद्यालयका संस्थापक व्यवस्थापक प्रमुख हरिप्रसाद लामिछानेले जानकारी दिनु भएको छ । शुभम् पार्टी प्यालेस मा सम्पन्न गीत, सङ्गीत र ध्यानको संयोजन द्वारा तालिममा प्राप्त सन्देश विद्यार्थी को अनुभूति को गहिराइ सम्म पुगेको विचार सहभागी कक्षा १० मा अध्यन गर्ने विद्यार्थी आर्यन जिसीले व्यक्त गरेका थिए । तालिम निकै नै फलदाई रहेको र तालिममा सिकेको कुरा जिवनका लागि उपयोगि रहेको समेत धारणा व्यक्त गरेका थिए । कार्यक्रम मा विद्यालयका संस्थापक प्रिन्सिपल यम वहादुर रोकाले स्वागत र विद्यालयका संस्थापक निर्देशक माधवशरण उपाध्यायले धन्यवाद मन्तव्य राख्नु भएको थियो ।

# गण्डकीमा नेकपा (एस)को तीन महिने पार्टी सुदृढीकरण अभियान

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ कार्तिक**

सत्ता साझेदार नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)ले गण्डकी प्रदेशमा तीन महिने पार्टी सुदृढीकरण अभियान सञ्चालन गर्ने भएको छ।

पार्टी प्रदेश कमिटीको बुधबार पोखरामा सम्पन्न दोस्रो पूर्ण बैठकले अभियानलाई गण्डकी प्रदेशमा व्यवस्थित तरिकाले सञ्चालन गर्ने र सङ्गठन विस्तारमा जोड दिने निर्णय गरेको स्थायी समिति सदस्य चूडामणि जङ्गलीले जानकारी दिनुभयो । प्रदेशका ११ वटै जिल्लाका सङ्घीय निर्वाचन क्षेत्र, प्रदेशसभा निर्वाचन क्षेत्र, नगरपालिका, गाउँपालिका तथा वडा कमिटीसम्म अभियान सञ्चालन गर्न पार्टीका केन्द्रीय समिति तथा प्रदेश कमिटीका सदस्यलाई इञ्चार्जको जिम्मेवारी तोकिएको छ।

कास्कीमा केन्द्रीय कमिटी सदस्य गजकुमारी गुरुङलाई क्षेत्र नं १, जिल्ला अध्यक्ष तथा केन्द्रीय सदस्य धनराज आचार्यलाई क्षेत्र नं २ र केन्द्रीय सदस्य रत्ना गुरुङलाई क्षेत्र नं ३ को जिम्मेवारी तोकिएको छ । पोखरा महानगरपालिकाको जिम्मेवारी केन्द्रीय सदस्य कृष्ण नेपालीलाई दिइएको छ । बैठकमा पार्टीका केन्द्रीय उपाध्यक्ष एवं गण्डकी प्रदेश इञ्चार्ज केशवलाल श्रेष्ठले गरिब, मजदूर किसान, श्रमजीवी वर्गमा सङ्गठन विस्तार गर्नुपर्नेमा जोड दिनुभयो । बैठकले अभियानलाई व्यवस्थितरुपमा सञ्चालन गर्दै परिणाममुखी बनाउने, पाँच दलीय गठबन्धनको एकतालाई थप मजबुत बनाउँदै यसलाई प्रदेश, जिल्ला र स्थानीय तहसम्म सहकार्य गर्ने वातावरण तयार गर्न गठबन्धनलाई अनुरोध गर्ने, जनताले दैनिकरुपमा भोगेका समस्या समाधन गर्दै जनचाहाना अनुसार सरकारका काम कारबाहीलाई जनमुखी बनाउँदै केन्द्र सरकार र प्रदेश सरकारलाई काम गर्न अनुरोध गर्नेलगायत प्रस्ताव पारित गरेको छ।

यसैगरी हालै बेमौसमी वर्षाका कारण मुलुकका विभिन्न ठाउँमा आएको बाढी पहिरामा परी ज्यान गुमाउनेप्रति श्रद्धाञ्जलि व्यक्त गर्दै घाइतेको उपचार, मृतकका परिवारलाई उचित राहत र नोक्सान भएको धान बालीको उचित क्षतिपूर्ति प्रदान गर्न सरकारसँग अनुरोध गर्ने, चाडबाडको समयमा बजारमा कृत्रिम अभाव देखाउँदै उपभोग्य सामग्रीको मूल्यवृद्धि गर्ने कार्य भइरहेकाले त्यस्ता कार्य तुरुन्त रोक्न सरकारसँग अनुरोध गर्ने निर्णय बैठकले गरेको पार्टी प्रदेश कमिटीका उपाध्यक्ष श्रीनाव बरालले जानकारी दिनुभयो ।

प्रदेश अध्यक्ष तुलबहादुर गुरुङको अध्यक्षतामा भएको बैठकमा स्थायी कमिटी सदस्य जङ्गली, शारदाप्रसाद सुवेदी, रामजी शर्मा, प्रदेशका सचिव प्रतापलाल श्रेष्ठ उपसचिवद्वय बराल र रेखा बस्याललगायतले समसामयिक विषयमा पार्टीको धारणा राख्नुभएको थियो ।

# थप...

१० रहेका छन् । पाँच सयभन्दा बढी सङ्क्रमण हुने जिल्ला काठमाडौँ, ललितपुर, भक्तपुर र कास्की रहेका छन् । सङ्क्रमण दर १८.५ प्रतिशत रहेको छ । सङ्क्रमित शून्य रहेको जिल्ला मुगु मात्र रहेको छ ।

पछिल्लो २४ घण्टामा ६६४ जनाले सङ्क्रमणमुक्त भएका छन् । यससँगै नेपालमा हालसम्म सङ्क्रमणमुक्त हुनेको सङ्ख्या सात लाख ८९ हजार ७८९ पुगेको छ । नेपालमा सङ्क्रमणमुक्त हुने दर ९७.३ प्रतिशत रहेको छ । यसैगरी बिहीबार कोरोना सङ्क्रमणबाट दुई जनाको निधन भएको छ । अहिलेसम्म सङ्क्रमणबाट ११ हजार ३८२ जनाको निधन भएको छ । बिहीबार एक लाख एक हजार ४७५ जनाले कोरोना भाइरस विरुद्धको खोप लगाएका छन् । अहिलेसम्म ८६ लाख ५५ हजार २१५ पहिलो मात्रा र ६८ लाख ६५ हजार ६६५ पूर्ण मात्राको खोप लगाइसकेका छन् ।

# भारत, बेलायत र अमेरिकाका लागि राजदूत सिफारिस

**रासस**
**काठमाडौँ, ११ कार्तिक**

सरकारले भारत, बेलायत र अमेरिकाका लागि राजदूतको नाम सिफारिस गरेको छ ।

सरकारका प्रवक्ता सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले भारतका लागि नेपाली राजदूतमा डा शङ्कर शर्मा, संयुक्त अधिराज्य (बेलायत) का लागि ज्ञानचन्द्र आचार्य र अमेरिकाका लागि प्रा श्रीधर खत्रीलाई नियुक्तिका लागि सिफारिस गर्ने मन्त्रिपरिषद्को आजको बैठकले निर्णय गरेको जानकारी दिनुभयो । बैठकले हरित ऊर्जासम्बन्धी वक्तव्यमा सहमति जनाइ हस्ताक्षर गर्न सहमति दिने तथा सुनकोसी मरिङ डाइभर्सन आयोजनाको प्रथम चरणको निर्माण कार्यका लागि वन क्षेत्र प्रयोग गर्न दिइने निर्णय पनि गरेको छ । यस्तै बैठकले दीर्घकालीन शून्य उत्सर्जन रणनीति राष्ट्रिय अनुकूलन योजना (२०२१-२०५०) र जलवायु परिवर्तन र त्यसको असर प्रतिवेदन स्वीकृत गर्ने निर्णय पनि गरेको पनि उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार मन्त्रिपरिषद्ले प्रधानसेनापति प्रभुराम शर्मा नेतृत्वको टोलीलाई भारत भ्रमणका लागि स्वीकृति दिने तथा नेपाली सेनाको उपरथी सरोज प्रताप राणालाई रथिमा बढुवा गर्ने निर्णय पनि गरेको छ । मन्त्रिपरिषद् बैठकले महालेखा परीक्षकको कार्यालयमा रिक्त उपमहालेखा परीक्षक राजपत्राङ्कीत विशिष्ट श्रेणीमा महेश्वर काफ्ले र वामदेव अधिकारीलाई बढुवा गर्ने निर्णय गरेको छ ।


**राष्ट्रिय जनगणना २०७८**
**मेरो गणना-मेरो सहभागिता**

आगामी **कात्तिक २५ गतेदेखि मंसिर ९ गतेसम्म** जनगणना गर्न सबैको घरमा गणकहरु आउदै हुनुहुन्छ । जनगणनाको पहिलो चरणको सूचीकरण अभियानमा समावेश भएका वा छुटेका सबै परिवारले गणकहरुलाई आ-आफ्नो विवरण लेखाऔं ।

जनगणनाबाट प्राप्त तथ्याङ्कले संविधानमा व्यवस्था भएका मौलिक हक अधिकार कार्यान्वयनको मूल्यांकन गर्न र लोककल्याणकारी कार्यक्रम सञ्चालन गर्न मद्दत पुग्दछ ।

**गणना गर्ने अवधि: कात्तिक २५ गतेदेखि मंसिर ९ गतेसम्म**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**




**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

**सम्पर्क स्थान :**
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

**नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।**


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
- थमस हाडी

## सम्पादकीय

# बजार अनुगमनमा चासो देऊ

चाडपर्व नजिक आउन थालेपछि बजारमा उपभोक्ताको भिड लाग्छ । दैनिक उपभोग गर्ने वस्तु तथा सेवा लिन उपभोक्ता तल्लिन हुन्छन् । चाडपर्व मनाउन जहाँ भए पनि आफ्नै घरमा आउने हुँदा दैनिक उपभोग्य वस्तुको अधिक खरिद हुन्छ । यही मौकामा बढीभन्दा बढी कमाउन खोज्नेले बढी मूल्य लिने गर्दछन् । कहिलेकाहीँ कृत्रिम अभाव खडा गर्ने र कालोबजारी गर्दछन् । कम गुणस्तर र तौलका सामान बेच्ने गर्दछन् । उपभोक्ता नठगिउन भनेर बजार अनुगमन गर्ने गरिन्छ । ठूला देखि साना बजारमा अनुगमनको चटारो सुरु हुन्छ । प्रत्येक जिल्लामा अनुगमन गर्ने टोली बनाइन्छ । सदरमुकाम केन्द्रित अनुगमन केही समय तातिन्छ र चाडपर्व सकिएसँगै सेलाउने गर्छ । बजारको बेथिति रोक्न अनुगमन गरिन्छ ।

अनुगमन कर्मकाण्ड जस्तै हुने गरेको छ । सरोकारवाला निकायले एकीकृत रूपमा अनुगमन गर्न नसक्दा बेला मौकामा हुने अनुगमन केवल भारा टार्ने काम मात्रै भएको छ । बजारको स्वरूपको आधारमा बजार अनुगमन नहुँदा व्यापारीले मनपरी गर्दै आइरहेका छन् । मौसमी अनुगमन त्यस्ता व्यापारीका लागि अनुकूल बनेको छ । नेपालमा सानातिना कारण देखाउनेबित्तिकै बजारमा कृत्रिम अभाव हुन्छ । यसै समयमा जथाभावी मूल्यवृद्धि गर्ने प्रवृत्ति हाबी हुन्छ । अझै चाडपर्वको समयमा त मूल्यले आकाश नै छुन्छ तर, दैनिकी टार्नैपर्ने बाध्यताका कारण उपभोक्ता बाध्य भएर किन्छन् । मौसमी बजार अनुगमनको सकारात्मक असर बजारमा खासै नपर्ने भएकाले उपभोक्ताले यो विषयलाई चासो पनि दिँदैनन् । अनुगमन टोलीलाई पनि बजारको अवस्था खासै थाहा हुँदैन । अन्योलमा बजारको अवस्था नबुझी गरिने बजार अनुगमन प्रभावकारी छैन । बजारमा प्रचलित कालोबजार सिम्बन्धी ऐनले तोकेको २० प्रतिशतभन्दा बढी नाफा लिन नपाइने भन्ने कानुनी व्यवस्थाको पालना कतै भएको देखिदैन ।

बजार अनुगमन कार्यविधिअनुसार बजार अनुगमनको पूर्वतयारीमा धेरै मेहनत गर्नुपर्छ । अनुगमन गर्नुपर्ने वा नपर्ने उजुरी वा गुनासाहरूको विवरण समयमा नै तयार पार्नुपर्छ । मुचुल्का फारमदेखि अनुगमन टोलीको विवरण तयार पारी सदस्यलाई जानकारी गराई तयार राख्नुपर्छ । जाँच गर्दा वा खानतलासी गर्दा अपनाउनुपर्ने कार्यविधि तयार पारी आचारसंहिताको पूर्ण पालना गर्नुपर्छ । आचारसंहिताको विषयमा टोली सदस्यहरू जानकार हुनुपर्छ तर, अहिलेका अनुगमन औपचारिकतामा सीमित छन् । अनुगमन टोलीका सदस्य आचारसंहिताका विषयमा जानकार हुँदैनन् । अल्मलमा बजार पुग्छन् र पूर्वतयारी बिनाको अनुगमन सकेर फर्कन्छन् । एक, दुईवटा अनुगमनका समाचार बनेपछि काम देखिन्छ र एक वर्षलाई ढुक्क हुन्छ । बनाइएका कार्यविधि र निर्देशिका बेकामे बनेका छन् ।

प्रमुख जिल्ला अधिकारी नेतृत्वमा गरिने बजार अनुगमन अहिले स्थानीय तहका जनप्रतिनिधि आफैंले पनि गर्न सक्छन् । स्थानीय तहमा नै बजार अनुगमनका लागि निर्देशिका र कार्यविधि बनेका छन् । बजारमा हुने कालोबजारी र बेथितिलाई रोक्ने अधिकार उनीहरूले पाएका छन् । बजार अनुगमन गर्ने निश्चित समय र बार हुँदैन । जुनै समय पनि उपभोक्ताको अधिकार सुरक्षित गर्न उनीहरूले कदम चाल्न सक्छन् । मात्र उनीहरूमा इच्छा चाहिँ हुनुपर्‍यो । बजार अनुगमन गर्ने हल्ला गरेर बजार पुग्दा बेथिति रोकिँदैन । यसो गरे उपभोक्ता होइन कालोबजारी गर्नेलाई फाइदा पुग्छ ।

उपभोक्ताको अधिकार सुरक्षित गर्न उपभोक्ता संरक्षण ऐन २०७५ छ सर्वसाधारण जनताको हित र सामाजिक कल्याणका निमित्त उपभोक्ता अधिकारको क्षेत्रमा यो कानुन बनेको हो । यसमा उपभोक्ता अधिकार प्रत्याभूत गरिएको छ । उपभोक्ता प्रतिकूल कार्यलाई निषेधित गरिएको छ । कसुरको गम्भीरता हेरी कैद वा जरिवाना गर्ने व्यवस्था छ । पीडितलाई क्षतिपूर्ति दिने व्यवस्था गरिएको र अनुगमन समितिको व्यवस्था पनि ऐनमा नै छ । बजारमा ठगी गर्नेलाई तह लगाउन नै ऐन बनाइएको हो । जनतालाई सुशासनको प्रत्याभूति दिलाउन बजारलाई अराजक बन्न दिनुहुँदैन । समाजवादको कुरा गर्ने दल र सरकारले बजार अनुगमनमा चासो नदिएर जनतामाथि खेलवाड हो ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : व्यापारमा लाभ |
| वृष | : मानसिक तनाव | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : मन चञ्चल | धनु | : शत्रुको भय |
| कर्कट | : झमेला बढ्ने | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : शारीरिक झमेला | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# भिरबाट लडेर महिलाको मृत्यु, एक पुरुष बेपत्ता

पोखरापत्र संवाददाता
बलेवा, ११ कार्तिक

बागलुङको बडिगाड गाउँपालिकामा भिरबाट लडेर एक महिलाको मृत्यु भएको छ भने अर्का एक पुरुष बेपत्ता छन् । बडिगाड-५ दागाका ४६ वर्षीया देवी गुरुङ खरबारीमा खर बाँध्ने क्रममा चिप्लिएर लडेर मृत्यु भएको हो ।

उहाँ २०० मिटर तल खसेको प्रहरीले जनाएको छ । इलाका प्रहरी कार्यालय बुर्तिबाङका अनुसार बडिगाडकै अर्का एक पुरुष भिरबाट लडेर बेपत्ता हुनुभएको छ । दसैंको अवसरमा बुर्तिबाङमा लागेको पूर्णिमा सहभागी भएर फर्किने क्रममा बडिगाड गाउँपालिका-९ बस्ने २८ वर्षीय शङ्कर परियार भिरबाट लडेर बेपत्ता हुनुभएको हो ।

ढोरपाटन नगरपालिका-२ सिमलचौरदेखि मालरानी जाने गोरेटो बाटोको भिरबाट खसी बडिगाडखोलामा उहाँ बेपत्ता भएको प्रहरी नायब उपरीक्षक इकवाल हवारीले बताउनुभयो । उहाँको खोला किनारमा खोजी भइरहेको छ ।

# म्याग्दीका कलमी सुन्तला बजारमा

पोखरापत्र संवाददाता
म्याग्दी, ११ कार्तिक

म्याग्दीको बाँस्कुना गाउँमा उत्पादन गरिएको कलमी सुन्तला बजारमा आएको छ ।

म्याग्दीको बेनी नगरपालिका-४बास्कुना गाउँको सुन्तला बगैँचामा यतिबेला कलमी सुन्तला खरिद गर्न व्यापारी आउने क्रम सुरु भएको त्यहाँका अगुवा किसान तिलक गुरुङले बताउनुभयो । उहाँका अनुसार किसानले बोटबाट नै प्रतिकिलोग्राम रु ६५ मा सुन्तला बिक्री गरिरहेका छन् । सुन्तला उत्पादनको मौसम आगाडि नै बास्कुनाका केही किसानले बजारमा ताजा सुन्तला बिक्री गर्ने उद्देश्यले कलमी गरिएको १८ सय केजी सुन्तला सदरमुकाम बेनी, पोखरा, काठमाडौँ लगायतका बजारमा बिक्री गरेका छन् । बजारमा अत्याधिक माग रहेको सुन्तलाको सिजन आगाडि नै उत्पादनमा जोड दिएको किसानले प्रतिकिलोग्राम रु ९५ देखि एक सयसम्म पर्ने गरी बजारमा बिक्री गरेको सुन्तला किसान सन्दिप केसीले बताउनुभयो । बास्कुनाबाट केसीसहित अगुवा किसान भीम थापा, रुपा गुरुङ, दलबहादुर कार्की, तिलक गुरुङलगायतको बगैँचाबाट कलमी सुन्तला बिक्री भइरहेको छ । कलमी सुन्तला पोखरामा प्रति किलोग्राम रु १५० र काठमाडौँमा रु १८० मा बिक्री हुने गरेको व्यापारी बताउँछन् ।

# ताकममा अस्पताल भवन निर्माण सुरु

पोखरापत्र संवाददाता
म्याग्दी, ११ कार्तिक

म्याग्दीको धवलागिरि गाउँपालिका-७ ताकममा पालिकास्तरीय अस्पतालको भवन निर्माण सुरु भएको छ । सङ्घीय सरकारको सबै पालिकामा आधार भूत तहको अस्पताल सञ्चालन गर्ने योजनानुसार ताकममा भवन निर्माण हुन लागेको हो ।

धवलागिरि गाउँपालिकाका इन्जीनियर सोबिन जिसीले पाँच शय्या क्षमताको अस्पतालका लागि दुईतले १६ कोठे भवन निर्माण सुरु भएको जानकारी दिनुभयो । "आकस्मिक, अन्तरङ्ग, बहिरङ्ग, प्रयोगशाला, प्रशासनिक, औषधि भण्डारण, उपचारका लागि छुट्टा-छुट्टै कक्ष सहितको भूकम्प प्रतिरोधी क्षमताको अपाङ्गमैत्री भवन बनाउन लागिएको हो", उहाँले भन्नुभयो "आगामी २०७९ असार १५ गतेभित्र भवन निर्माण सम्पन्न गर्ने लक्ष्य छ ।" भवन निर्माणका लागि बिएम-आइएस-एसी जेभी बुर्तिबाङ बागलुङले रु चार करोड ७९ लाख ४० हजार ३३४ मा ठेक्का सम्झौता गरेको छ । विद्युतीय माध्यमबाट भएको ठेक्का प्रतिस्पर्धामा छवटा कम्पनी सहभागी थिए । गत चैत महिनामा सम्झौता गरेको ठेकेदारले जग्गा व्यवस्थापन सकेर पिल्लर ठड्याइ भुइँ ढलान (डिपिसी) सकेको छ ।

निर्धारित समयभित्रै भवन निर्माण सम्पन्न गर्ने लक्ष्यसहित औजार, निर्माण सामग्री जुटाएर मजदुर परिचालन गरेको निर्माण व्यवसायीले बताएका छन् । विसं २०७७ पुसमा भएको धवलागिरिको विशेष गाउँसभाले ताकममा पाँच शय्या क्षमताको अस्पताल निर्माण गर्ने निर्णय गरेको थियो । निर्णयानुसार गत वर्षदेखि नै ताकम स्वास्थ्यचौकीमा स्थापना भएको कोरोना अस्थायी अस्पताललाई निरन्तरता दिइएको छ । एक चिकित्सक, दुई नर्सका साथै ताकम स्वास्थ्यचौकीका मौजुदा जनशक्तिले सेवा दिइरहेका छन् । धवलागिरिको वडा नं ७ मै पर्ने अर्को बस्ती धारापानीमा गत वर्ष स्थापना भएको स्वास्थ्यचौकी र वडा नं ३ मुना स्वास्थ्यचौकीको भवन पनि निर्माण भइरहेको छ ।

ताकममा अस्पताल सञ्चालन भएपछि भौगोलिकरूपमा विकट र दुर्गम क्षेत्रमा पर्ने धवलागिरिका बासिन्दालाईस्वास्थ्योपचारमासहज भएको छ । चिकित्सकको सेवाका लागि दरबाङ, बेनी, बागलुङ, पोखरालगायत बजारमा पुग्नुपर्ने बाध्यता कम भएको छ । गाउँगाउँमा चिकित्सक पुगेर घुम्ती शिविर सञ्चालन गरी सेवा दिएका छन् । धवलागिरिको ताकममा साथै मङ्गला र अन्नपूर्ण गाउँपालिकाले पनि आधारभूत अस्पताल भवन निर्माण सुरु गरेका छन् । मङ्गलाले अर्मन स्वास्थ्यचौकीको भवन परिसर र अन्नपूर्ण गाउँपालिकाले वडा नं १ दोबामा अस्पताल भवन निर्माण गर्न लागेका छन् । अस्पताल बनाउन सरकारले गत आवमा अन्नपूर्ण र धवलागिरि गाउँपालिकालाई रु ७०/७० लाख, रघुगङ्गा र मङ्गला गाउँपालिकालाई रु ८५/८५ लाख बजेट पठाएको थियो ।

# लयमा फर्किन थाले बन्दीपुरका होटल व्यवसाय

-कृष्ण न्यौपाने
तनहुँ, ११ कार्तिक (रासस)

कोभिड-१९ पछि तनहुँको पर्यटकीय नगरी बन्दीपुरमा पहिलोपटक विदेशी पर्यटकको आगमन सुरुआत भएको छ । कोरोना त्रासका कारण विगत करिब दुई वर्षदेखि विदेशी पर्यटक आगमन शून्य रहेको बन्दीपुरमा बुधबार ६० विदेशी पर्यटक आइपुगेका हुन् ।

बन्दीपुर पर्यटन विकास समितिका अध्यक्ष किसान प्रधानले विदेशी पर्यटकको आगमनले व्यवसायीलाई उत्साहित बनाएको जानकारीदिनुभयो । "कोरोनात्रासपछिआन्तरिकपर्यटक आइरहेकामा विदेशी पर्यटक शून्य थिए, अब विदेशी पर्यटकको पनि आगमन हुनेमा आशावादी छौँ", उहाँले भन्नुभयो । उहाँ अनुसार फ्रान्सका ती पर्यटक आज पनि बन्दीपुरमा छन् ।

दसैंको सुरुआतसँगै बन्दीपुरमा आन्तरिक पर्यटकको चहलपहल पनि बाक्लिएको छ । कोरोना त्रास न्यूनीकरण हुँदै जनजीवन सामान्य भएपछि बन्दीपुरमा यतिबेला पर्यटकको चहलपहल बढेको उहाँले जानकारीदिनुभयो । "दसैँका बेला बन्दीपुरमा राम्रै सङ्ख्यामा पर्यटक भित्रिए, तिहारमा पनि पर्यटकको आगमन बढ्नेमा विश्वस्त छौँ", होटल व्यवसायी प्रधानले भन्नुभयो, "विस्तारै पर्यटकीय गतिविधि बढेपछि व्यवसायीलाई पनि आशा जगाएको छ ।"



चिसो मौसम सुरु भएसँगै बन्दीपुरबाट हिमालका मनोरम दृश्य देखिन थालेको छ । हिमाल खुलेको बेला यहाँबाट हिमालका मनमोहक दृश्य देखिन्छ । सबैले कोभिडविरुद्ध खोप लगाएकाले पनि अहिले घुमफिरमा निस्कनेको सङ्ख्या बढिरहेको छ । "बन्दीपुरका ७० प्रतिशतभन्दा बढी व्यवसायीले खोप लगाइसके, सर्वसाधारणले पनि खोप लगाइरहेका छन्", उहाँले भन्नुभयो, "खोपले पनि हामीलाई ढुक्क बनाएको छ ।" होटल व्यवसायी वसन्त पौडेलले कोरोनाका कारण सुस्ताएको यहाँको पर्यटन विस्तारै तङ्ग्रिने अवस्थामा रहेको बताउनुभयो । पर्यटकको चहलपहल सुरु भएसँगै व्यवसायीमा पनि आशा जागेको उहाँको भनाइ छ । बन्दीपुरका होटल व्यवसायीले छुट प्याकेजसमेत ल्याउने तयारी गरेका छन् । बन्दीपुरमा होटल सङ्घसँग आबद्ध साना-ठूला गरी ७७ होटल सञ्चालनमा छन् । बन्दीपुरमा ग्रीनपार्क, होटल दरबार हिमालय फेवा, गामघर, वोल्डइन, बन्दीपुर माउण्टेन रिसोर्ट, बन्दीपुर प्यालेस, मगर भिजेललगायत होटल सञ्चालनछ । बन्दीपुरबाट अन्नपूर्ण, माछापुच्छ्रे, धवलागिरिलगायतका हिमशृङ्खला देखिन्छ । भक्तपुरे शैलीमा निर्माण गरिएको घरहरू, टुँडिखेल, थानीमाई, तीनधारा, रानीवन, रामकोट, सुनखरी, खड्गदेवी मन्दिर, विन्ध्यवासिनी मन्दिर, महालक्ष्मी मन्दिर, सूचना केन्द्रलगायतका स्थल यहाँ आउने पर्यटकको आकर्षणको केन्द्रबिन्दु बन्ने गरेको छ ।

कोलाहल, धुँवाधुलोबाट केही टाढा घुम्न जाने सोच बनाएकालाई बन्दीपुर उत्कृष्ट गन्तव्यका रूपमा विकास भइरहेको छ । सदरमुकाम दमौलीदेखि १८ किलोमिटर डुम्रे हुँदै आठ किलोमिटरको उकालो यात्रा तय गरेपछि बन्दीपुर पुगिन्छ । अठारौँ शताब्दीमा भक्तपुर र बनेपाबाट आएका नेवारले भक्तपुरे शैलीमा घर र ढुङ्गा बिछ्याइएको बाटो निर्माण गरेका थिए । बन्दीपुरमा अहिले पनि घर निर्माणमा मौलिकता अपनाउने गरिएको छ । बन्दीपुर बजारमा भएका पुरानो घरको आकर्षणले गर्दा पर्यटकको आगमन बढ्दै गएकाले गाउँपालिकाले बजार क्षेत्रभित्र आधुनिक र पश्चिमेली शैली झल्किने गरी घर बनाउने निषेध गरेको छ ।

# सडक पुगेपछि गाउँ फर्किने बढे

-धुवसागर शर्मा
म्याग्दी, ११ कार्तिक (रासस)

गाउँघरमा सडक, पाइलैपिच्छे पसल र पसलमा चाहिने सबै सामान सजिलै पाइएको अवस्था देख्ता म्याग्दीको धवलागिरि गाउँपालिका- ५ मल्कवाङ्का ६७ वर्षीय दलप्रसाद छन्त्याललाई त विगत सम्झेर सुखको अनुभूति हुन्छ ।

उहाँले भन्नुभयो, "ती दिन सपना जस्तै लाग्छन् । अहिले आकाश-पाताल फरक जमाना आयो ।" एक दशकअघि दुःख पाएपछि हिँडेर गाउँबाट सहर झरेका छन्त्याल अहिले नुनतेल घरछेउमै पाउन थालेपछि दङ्ग छन् । सडक घरनजिकै पुगेको छ । बजार निस्किएर फर्किंदा जिप चढेर घर पुग्छन् ।

पोखराबाट हालैमात्र गाउँ फर्किनुभएका ६७ वर्षीय छन्त्याल आफ्नै घरको आँगनमा गाडीबाट झरेर घरभित्र छिर्न पाएपछि मख्ख पर्नुभयो । छन्त्याल जस्तै गाउँका अन्य ज्येष्ठ नागरिक पनि आफ्नै घरदैलोमा नै गाडी गुडेको देख्दा अचेल फुरुङ्ग छन् । एक दशकअघि गाउँमा दुःख भयो भनेर म्याग्दीका ग्रामीण भेगबाट सहर झरेका गाउँमा सडक पुगेर यातायातका साधन सञ्चालनमा आएपछि अहिले उनीहरू पुनः गाउँमा नै फर्किन थालेका हुन् । छोराछोरी पढाउने, व्यापार व्यवसाय गर्ने भनेर सदरमुकाम बेनीलगायत पोखरा र काठमाडौँ गएका ग्रामीण भेगका बासिन्दा गाउँमा विकासका पूर्वाधार विस्तार भएर जनजीवन सहज बन्दै जान थालेपछि गाउँ फर्किएका स्थानीय जनप्रतिनिधिले बताएका छन् ।

म्याग्दीको दुर्गम गाउँ मानिने धवलागिरि गाउँपालिका-५ मल्कवाङ्मा गतवर्ष मोटरबाटो जोडिएर यातायातका साधन सञ्चालन हुन थालेपछि दुर्गम गाउँ भनेर सहर पसेका ध्वाधम गाउँ फर्कन थालेका मल्कावाङ्का मुकुन छन्त्यालले बताउनुभयो । रघुगङ्गा गाउँपालिका-६ पाखापानी र ठाडाखानीमा पनि सहरबाट गाउँ फर्कनेको सङ्ख्या वृद्धि भएको वडासदस्य टेकजित छन्त्यालले बताउनुभयो । पाखापानी र ठाडाखानीमा मात्रै पोखरा, काठमाडौँ र बेनी लगायतका सहरबाट डेढदर्जन भन्दा बढी व्यक्ति गाउँमा फर्किएका उहाँले जानकारी दिनुभयो । गाउँमा विकासका पूर्वाधार पुग्नु, विद्यालय, स्वास्थ्यचौकी, खानेपानी, बजारलगायत सम्पूर्ण कुराको सुविधा प्राप्त हुँदै गएपछि सहरको बसाइँलाई बिट मारेर गाउँ फर्किने बढेका मालिका गाउँपालिका अध्यक्ष श्रीप्रसाद रोकाले बताउनुभयो । उता धवलागिरि गाउँपालिकामा पनि गाउँका घर भरिन थालेका छन् । पहिले वृद्धवृद्धा मात्रै देखिने गाउँमा अहिले बालबालिका र महिला पनि थपिएपछि गाउँको रौनक बढेको मुनाका जीवन क्षेत्रीले जानकारी दिनुभयो । उहाँका अनुसार युवा अझै पनि वैदेशिक रोजगार वा सहरमा पढाइ र अन्य कामले गर्दा गाउँ फर्किन सकेका छैनन् । बुढेसकालमा भए पनि गाउँमा विकासको लहर देख्न पाउँदा 'डाँडामाथिका घाम' जस्तै बनेका बृद्धवृद्धा दङ्ग छन् । "हाम्रो पालामा नून लिन थाकखोला र चालम लिन बटौली जानुपर्थ्यो", सेरका ८४ वर्षीय भविलाल सापकोटाले भन्नुभयो, "अहिले त नून चामल पनि गाडी चढेर सरर दैलैमा पो आइपुग्छ, दुःखै छैन, हाइसन्चो छ ।"

"करिब तीन सय घरपरिवार रहेको मल्कबाङ्मा दुई वर्ष अघिसम्म ५० घरमा मात्रै मान्छे बस्थे तर अहिले दुईसय भन्दा बढी घरमा मान्छे भरिएका छन्, सडक पुगेपछि गाउँले घर फर्कन थालेका हुन्", स्थानीयवासी अमृत छन्त्याललले बताउनुभयो । गाउँबाट सदरमुकाम बेनीसम्मको दूरी पनि छोटिएको छ । वडाभित्रका मुख्य बस्तीमा एक वर्षभित्र सहायक बाटो विस्तार गर्न रु ३५ लाख बजेट विनियोजन भएको छ । वडाअध्यक्ष छन्त्याललले भन्नुभयो, "गाउँको उत्पादन बजारसम्म पुग्छ, सडकले आम्दानीको स्रोत पनि बढाएको छ ।"

# खुल्यो बेँसीशहर-चामे सडक

रासस
लमजुङ, ११ कार्तिक

अविरल वर्षासँगै गएको बाढीपहिराले केही समयदेखि अवरुद्ध बेँसीशहर चामे सडक पुनः सञ्चालनमा आएको छ । पहाडी र हिमाली जिल्ला जोड्ने यस सडकको विभिन्न स्थानमा बाढीपहिराले अवरुद्ध बनाएको सडक खुलाएसँगै बिहीबार साढे पाँच बजेदेखि सडकमा सवारी साधन पुनः सञ्चालनमा आएको डुम्रे बेँसीशहर चामे सडक योजना कार्यालय लमजुङका इन्जिनियर हरि श्रेष्ठले बताउनुभयो ।

अविरल वर्षासँगै विभिन्न स्थानमा बाढीपहिराले सडक अवरुद्ध बनाउँदा यही कात्तिक २ गते बिहानबाट लमजुङ मनाङ जोड्ने एक मात्र सो सडकखण्ड अवरुद्ध हुँदै आएको थियो । सो समयमा यस सडकखण्डको खरखरे भीर, नियालोघारी, दाना क्यू, कोत्रो, तिमाङ खोला, तिमाङ झरनालगायत स्थानमा बाढीपहिराले सडक अवरुद्ध भएको थियो ।

तिमाङ झरना र खोलामा राखिएको काठे पुल बगाएको थियो भने अन्य स्थानमा बाढीपहिराले सडक बगाउनुका साथै ढुङ्गा माटोले अवरुद्ध बनाएको थियो । सबै स्थानको अवरोध हटाए अन्तिममा तिमाङ झरनामा तीन दिन लगाएर काठे पुल राख्ने कार्य सम्पन्न भएसँगै सवारी सञ्चालनमा आएको इन्जिनियर श्रेष्ठले बताउनुभयो ।

उहाँले भन्नुभयो, "अवरुद्ध भएको उक्त दुई स्थानमा काठेपुल राखिएको छ भने अन्य स्थानमा डोजरको सहायताले सडक खुलाइएको छ ।" सडक अवरुद्ध बनेपछि दसैं पर्व मनाएर रोजगारी, अध्ययनलगायत गन्तव्यमा जाने रोकिएका थिए । मनाङमा आवश्यक ढुवानीका सामग्री, खाद्यान्न, लत्ताकपडा, औषधिलगायत सामग्री लैजान यतिबेला सडक सुचारु भएसँगै सहज भएको छ । यस अघि समेत दसैं आउनु केही दिन अघिबाट मात्र सवारी सञ्चालनमा आएको थियो ।

# म्याग्दीमा एमालेको नेतृत्व : 'वडामा युवा, पालिकामा पाका'

–कमल खत्री

बेनी, ११ कार्तिक (रासस)

नेपाल कम्युनिष्ट पार्टी (एमाले) को आगामी १०औँ राष्ट्रिय महाधिवेशन अन्तर्गत म्याग्दीमा भएकावडारपालिकाअधिवेशनले युवा पुस्तालाई नेतृत्वमा स्थापित गरेको छ।

छ स्थानीय तह र ४५ व वडा रहेको जिल्लामा मङ्गलबारसम्म सम्पन्न भएका ४२ वडा र चार गाउँपालिकाको अधिवेशनबाट 'वडामा युवा र पालिकामा पाका' नेतृत्व चुनिएको छ । पालिका अधिवेशनबाट धवलागिरिमा होमबहादुर थापा, मालिकामा बेगप्रसाद गर्वुजा, मङ्गलामा सतप्रसाद रोका, रघुगङ्गा गाउँपालिकामा प्रेमबहादुर कार्की (दीपक) र बेनी नगरपालिमा नारायण जिसी पालिका कमिटी अध्यक्षमा सर्वसम्मत निर्वाचित हुनुभएको छ।

पालिकाका नेतृत्वमा चुनिएकासमेत युवा पुस्ताकै पाका नेता बढी हुनुहुन्छ । धवलागिरि कमिटिका सचिव रेशम छन्त्याल, उपसचिवद्धय विजय घर्ती र तिलक पुन युवा हुनुहुन्छ, भने उपाध्यक्ष राजाराम सुवेदी वडा नं ६ मराङको वडाध्यक्ष हुनुहुन्छ । सोही पालिकाकै वडा नं ४ मुदीका वडा कमिटी अध्यक्ष गणेश घर्तीसमेत युवा हुनुहुन्छ । वडा र पालिका कमिटीमा युवा पुस्ताको ७५ प्रतिशतको हाराहारीमा प्रतिनिधित्व रहेको एमाले जिल्ला सचिवालय सदस्य एवं धवलागिरि गाउँपालिकाका अध्यक्ष थमसरा पुनले जानकारीदिनुभयो।

युवा पुस्ताकै पाका नेता गर्वुजाको अध्यक्षतामा सर्वसम्मत निर्वाचित मालिका कमिटीका पदाधिकारी सबै युवा नै रहनुभएको छ । कमिटीको उपाध्यक्षमा दलमान पुन, सचिवमा सन्तोष सुवेदी, उपसचिवमा भुपेन्द्र दर्जी र धनबहादुर बोहरा चयन हुनुभएको छ । उपसचिव दर्जी २४ वर्षको हुनुहुन्छ। मालिकाको वडाध्यक्षमध्ये २ नम्बर वडा कमिटी अध्यक्ष उदयबहादुर बुढाथोकी, ५ का अध्यक्ष नवीनकुमार बुढाथोकी, ६ का अध्यक्ष तारामान रोका र ७ का अध्यक्ष टुकलाल चोचाङ्गे ३५ वर्षभित्रको हुनुहुन्छ भने १ नम्बरका अध्यक्ष यामबहादुर पुन, ३ का बलबहादुर बुढा र ४ का गोविन्द कँडेलसमेत युवा पुस्ताकै रहनुभएको गाउँपालिकाका उपाध्यक्ष समेत रहनुभएकी एमाले नेत्री खरमाया बिटालुले बताउनुभयो । उहाँका अनुसार पालिका र वडा कमिटीमा चयन भएका ८० प्रतिशत युवा पुस्ताका रहनुभएको छ। मङ्गला वडा र पालिका कमिटीमा समेत ७० प्रतिशतको हाराहारीमा युवापुस्ता समेटिएको गाउँपालिकाका उपाध्यक्षसमेत रहनुभएकी एमाले नेत्री सिर्जना केसीले जानकारी दिनुभयो । सतप्रसाद रोकाको अध्यक्षतामा गठीत पालिका कमिटीको उपाध्यक्षमा प्रेमा अधिकारी, सचिवमा चिरञ्जीवी शर्मा, उपसचिवमा दर्पण रोका र चक्रलाल पाण्डे चयन हुनुभएको छ । अध्यक्ष रोका र उपाध्यक्ष अधिकारी युवा पुस्ताकै पाका नेताका रूपमा चिनिनुहुन्छ भने सचिव शर्मा र उपसचिवद्वय रोका र पाण्डे युवा नेता हुनुहुन्छ। यस पालिकाको वडा नं १ कुहुँका वडा कमिटी अध्यक्ष एकजित रोका, ४ का अध्यक्ष अर्जुन रोका र ५ का अध्यक्ष कृष्ण छन्त्याल ४० वर्ष उमेरभित्रकै युवा नेता हुनुहुन्छ।

अन्नपूर्ण-३ को वडा कमिटी अध्यक्ष रमेश पुर्जा र ७ को अध्यक्ष मिलन पुर्जा युवा हुनुहुन्छ। अधिवेशन सम्पन्न भएका वडामा करिब ४० प्रतिशतको हाराहारीमा युवापुस्ताको प्रतिनिधित्व रहेको बताइएको छ। अन्नपूर्ण- ८ को वडा कमिटी अध्यक्षमा निर्वाचित देउकुमारी खोरजा म्याग्दीमा एमालेको वडा कमिटीमा निर्वाचित एक्ली महिला वडा कमिटी अध्यक्ष बन्नुभएको छ।

बेनी -९ का वडा कमिटी अध्यक्ष बाबुराम चोखाल, ३ का अध्यक्ष गेमबहादुर घर्ती मगर, ५ का अध्यक्ष दिनेश कार्कीसमेत युवा नेता हुनुहुन्छ। बेनी नगर कमिटीको अध्यक्षमा समेत युवा नेता नारायण जिसीनिर्विरोधनिर्वाचितहुनुभएको छ । प्रथम नगर अधिवेशनबाट सर्वसम्मत रूपमा जिसीको अध्यक्षतामा ८३ सदस्यीय नगर कमिटी चयन गरिएको हो । अधिवेशनबाट उपाध्यक्षमा लीलाराम गौतम, सचिवमा सुवास विश्वकर्मा, उपसचिवमा लक्ष्मण कटुवाल र हीराबहादुर थापा चयन हुनुभएको छ। नगरको पदाधिकारी र कमिटीमा समेत युवाको सङ्ख्या अधिक रहेको एमालेले जनाएको छ । रघुगङ्गाको पालिका र वडा कमिटीमा युवाकै वर्चश्व रहेको एमाले म्याग्दीका जिल्ला उपाध्यक्ष देवेन्द्रबहादुर केसीले जानकारीदिनुभयो । दीपक कार्कीको अध्यक्षतामा गठीत ५८ सदस्यीय एमालेको रघुगङ्गा गाउँपालिका कमिटीमा कमिटीको उपाध्यक्षमा गम पुन पाका र सचिव झलक शर्मा, उपसचिवद्धय यामकुमारी गर्वुजा र दिपा पुन युवा पुस्ताका हुनुहुन्छ । रघुगङ्गा-३ नं वडा कमिटीका अध्यक्ष सुमन पौडेल, ५ का अध्यक्ष तेजु शेरपुञ्जा र ८ का अध्यक्ष तेजिन फगामी पनि युवा हुनुहुन्छ।

"जिल्लाव्यापी रूपमा वडा र पालिकास्तरको नेतृत्व र कमिटीमा युवापुस्ताकै वर्चश्व देखिएको छ, राजनीतिमा युवाको आकर्षण बढ्नु सकरात्मक पक्ष हो, यसले पार्टीलाई बलियो र समाजलाई सचेत र जागरुक बनाउन रचनात्मक भूमिका खेल्नेछ"- जिल्ला समन्वय समितिका प्रमुखसमेत रहनुभएका एमाले उपाध्यक्ष केसीले भन्नुभयो, " अन्नपूर्ण गाउँपालिका अधिवेशन केही दिनपर सारिएको छ।"

# पर्यटक स्वागत गर्न आतुर छन् पदमार्गका होमस्टे

रासस

तनहुँ, ११ कार्तिक

शुक्लागण्डकी नगरपालिका हुँदै स्याङ्जा जोडिने मिलेनियम ट्रेक (सहश्राब्दी मार्ग) विगत दुई वर्षदेखि सुनसान छ । गण्डकी प्रदेशको राजधानी पोखरा नजिक रहेका उक्त पदमार्ग कोरोना त्रासका कारण दुई वर्षदेखि सुनसान रहेको हो।

कोरोना कहर न्यूनीकरण हुँदै जनजीवन सामान्य बनेपनि यो पदमार्गमा भने पर्यटकको चहलपहल बढ्न सकेको छैन। हिमाल हेर्दै पहाडी भूगोलमा पदयात्रा गर्न सकिने यहाँ पर्यटक आउन सकेका छैनन्। पोखराबाट सबैभन्दा नजिक तनहुँ र स्याङजा दुई जिल्लालाई जोडेको ७२ किलोमिटर दूरी रहेको पदमार्गका घरबास (होमस्टे) सञ्चालक पर्यटक बाटो कुरिरहेका छन् । यस पदमार्गअन्तर्गत १७ गाउँमा घरबास सञ्चालन गरिएको छ। कोरोना सङ्क्रमण न्यूनीकरण भएकाले अब यहाँ पर्यटक आउने आशा गरिएको शुक्लागण्डकी नगरपालिका-१२ घरेडी सामुदायिक होमस्टेकी अध्यक्ष लक्ष्मी गुरुङले बताउनुभयो।

"पहिला-पहिला पदयात्रामा पर्यटक आइरहन्थे, दुई वर्षदेखि पर्यटक आउन सकेनन्", उहाँले भन्नुभयो, "अब त कोरोना पनि विस्तारै कम हुँदै गयो, पर्यटक आउनेमा आशावादी छौँ ।" आर्थिकस्तर उकास्ने उद्देश्यसहित सञ्चालन गरिएको होमस्टेमा पर्यटक नआउँदा आम्दानीको स्रोत पनि बन्द भएको उहाँको गुनासो छ। कोरोना त्रास सामान्य बनेकाले पदमार्गले पर्यटक पर्खिरहेको मिलेनियम ट्रेक व्यवस्थापन समितिका महासचिव हर्क गुरुङले बताउनुभयो । "पछिल्लो समय अन्य पर्यटकीय गन्तव्यमा चहलपहल बढेपनि यहाँ भने पर्यटकको आगमन हुन सकेको छैन", उहाँले भन्नुभयो, "पदमार्गमा पर्यटक भित्र्याउन प्रचारप्रसारको तयारीमा छौँ।"

अध्यक्ष गुरुङका अनुसार पदयात्रीविहीन पदमार्ग केही ठाउँमा भत्किएको छ। अधिकांश जङ्गल क्षेत्रमा पर्ने पदमार्ग घाँसपातको झाडीले ढाकिएको छ । व्यवस्थापन समितिले दशौँ वर्ष पुरानो पदमार्गको नक्सालाई पुसभित्र सक्ने गरी अद्यावधिकको काम थालेको छ। उक्त पदमार्ग सन् २००० देखि सञ्चालनमा आएको हो। छ रात सात दिनको रुट रहेको पदमार्ग तनहुँको गाछेपानीबाट सुरु हुन्छ । तनहुँमा पृथ्वीराजमार्ग (गाछेपानी)बाट सुरु भएको पदमार्ग स्याङ्जाको सिद्धार्थ राजमार्ग (रामबाच्छा) पुगेर टुङ्गिन्छ । पदमार्गको सुरुआत विन्दुमा मिनी मुक्तिनाथको परिचय बनाएको मुक्तिनाथ शुक्लागण्डकी च्यवनधाम छ। सेती नदीको पानीको बहावले कुँदेर बनाएको ढुङ्गे बगैँचा हुँदै पदयात्री प्रसिद्ध धार्मिकस्थल ढोरवाराही मन्दिरको मन्दिरको दर्शनमा पुग्छन्।

यसपछि उकालो चढेर रजस्थल होमस्टे हुँदै ऐतिहासिक ढोर मूलकोट दरबार घुम्छन्। ढोर लामागाउँ, घरेडीको मिलेनियम गुफा, राईपुरको जन्तेढुङ्गा तनहुँ खण्डका गन्तव्य हुन् । स्याङ्जातर्फ कोल्मा वराहचौर, बहाकोट, राङभाङ, पेल्काचौर, बानेथोक देउराली, माझकोट, शिवालय र मनकामना आसपासका पर्यटकीयस्थललाई पदमार्गले जोडेको छ । गाछेपानीबाट सुरु भएको पदमार्गको पहिलो दिन रजस्थल पुगेर बास बस्न सकिन्छ। दोस्रो दिन साँधी खोला, तेस्रो दिन पोखरीछाप, चौथो दिन चन्द्रकोट, पाँचौ दिन डाँडागाउँ, छैटौँ दिन सुन्तलाबारी होमस्टेमा बास हुन्छ। पदमार्गले तनहुँ र स्याङ्जाका साविकका १३ गाविसको ऐतिहासिक, धार्मिक, सामाजिक र सांस्कृतिक पक्षलाई समेटेको छ। हिमालका चुचुरा, हरियाली डाँडाकाडा, सूर्योदय र सूर्यास्तको मस्त दृश्य, नेपालमा मात्र पाइने चरा काँडे भ्याकुर, चराचुरुङ्गी, जङ्गली जनावर र ग्रामीण परिवेशले पर्यटकलाई आकर्षित गर्छ । पदमार्गमा पर्ने बस्तीमा पर्यटकलाई कौराहा, सालैजो, भ्याउरे, झोर्रा, पेल्काचौरे ठाडो भाका, सोरठी, यानीमाया, घाटु, बालनलगायतका मौलिक लोक संस्कृतिले स्वागत गर्ने गरिन्छ।

पदमार्गमा पर्ने बस्ती रित्तिन थालेपछि होमस्टे चलाउन मुस्किल देखेर मिलेनियम ट्रेक व्यवस्थापन समितिले तीन वर्ष अगाडि चार स्थानमा रिसोर्ट खोल्ने तयारी थालेको थियो । जिल्लाको मगरनाससहित स्याङ्जाको कोल्मा, पेल्काचौर र सिगारकोटमा रिसोर्ट सञ्चालन गर्ने भनिए पनि काम अगाडि बढेको छैन । गुरुयोजना तयार गरे पनि काम अगाडि बढाउन कोरोनाले प्रभाव पारेको समितिले जनाएको छ।

# आठ कार्यालय तथा १९ घरमा तोडफोड र चोरी

रासस

बागलुङ, ११ कार्तिक

बागलुङको निसीखोला गाउँपालिकाको विभिन्न कार्यालय, विद्यालय र घरमा तोडफोड तथा चोरी भएको छ।

मङ्गलबार राति गाउँपालिकाको कार्यालयसहित वडा नं ३ र वडा नं ४ को कार्यालय, प्रभा मावि, जनजीवराज सुशीला मावि, हिले प्रावि, बोहोरागाउँ लिटिल र रोज बोर्डिङ स्कुल र १९ घरमा तोडफोड तथा चोरी भएको निसीखोला गाउँपालिकाका सूचना अधिकारी पुरुषोत्तम गौतमले बताउनुभयो।

निसीखोला गाउँपालिका कार्यालयमा तोडफोडसँगै कागजपत्र छरप्रष्ट बनाएको गौतमको भनाइ छ । कागजात राख्ने दराज तोडफोड र सिसी क्यामेराको तारसमेत काटिएको छ। सामान भने हराएको अहिलेसम्म देखिएको छैन । यद्यपि यसबारेमा सामान चेकजाँच भइरहेको छ । चोरले वडा नं ३ को वडा कार्यालय तोडफोड गरेको छ भने त्यहाँबाट रु ६०० चोरेको सूचना अधिकारी गौतमले बताउनुभयो । वडा नं ४ को कार्यालय पनि तोडफोड भएको छ। कार्यालय तोडफोडसँगै रु ११ हजारसमेत चोरेको वडा कार्यालयले जनाएको छ । वडा नं ३ र ४ दुवै कार्यालयको ढोका तोडफोड भएको छ। वडा नं ४ मा रहेको महिला सहकारीको कार्यालय ढोका समेत तोडफोड गरेको छ । तीन विद्यालयमा तोडफोड भए पनि कुनै सामान हराएको अहिलेसम्म पत्ता नलागेको गौतमले जानकारी दिनुभयो। बोहोरागाउँ लिटिल रोज बोर्डिङ स्कुलबाट कार्यालयको ढोका तोडफोड गरी रु १० हजार चोरी भएका विद्यालयले जनाएको छ । चोरी गर्ने समूहले विभिन्न कार्यालयसँगै- १९ घरमा तोडफोड र चोरी गरेको गाउँपालिकाले जनाएको छ। वडा नं २ मा २ र वडा नं ३ मा गरेर १७ वटा घरमा तोडफोडसँगै नगद र जिन्सी चोरी गरेको सूचना अधिकारी गौतमले बताउनुभयो।

वडा नं- ३ का वडा सदस्य खिमबहादुर शाहीको घरबाट साढे दुई तोला सुन र एक लाख नगद चोरी गरेको गाउँपालिकाले जनाएको छ। विभिन्न कार्यालय, विद्यालय र १९ घरबाट रु १० लाख बराबरको नगद र जिन्सी चोरी भएको उहाँले जानकारी दिनुभयो।

राति तोडफोड तथा चोरी भए पनि स्थानीयवासी र कर्मचारी, जनप्रतिनिधिले बिहान मात्रै थाहा पाएका थिए। प्रभा माविमा राति १ बजे तोडफोड भएको थाहा पाएपछि स्थानीयवासीले प्रहरीलाई खबर गरेका थिए। गाउँपालिकाको कार्यालय भने बिहान ७ बजे कर्मचारी आउँदा ढोका खुल्लै देखेपछि प्रहरीलाई खबर गरिएको थियो।

गाउँपालिकाले क्षति भएका सबै घर तथा कार्यालयको निरीक्षण गरेर क्षति विवरण तयार पारिरहेको निसीखोला गाउँपालिकाका अध्यक्ष तारानाथ पौडेलले बताउनुभयो । उहाँले गाउँपालिकाको कार्यालयमा धेरै क्षति नभए पनि विभिन्न वडा र घरमा लाखौँको चोरी भएको जानकारी दिनुभयो । इलाका प्रहरी कार्यालय बुर्तिवाङका प्रमुख जयराम वन्तले सबै स्थानमा पुगेर मुचुल्का तयार गरेको र आवश्यक अनुसन्धान भइरहेको बताउनुभयो।

**रक्तदान जीवनदान**
**जीवनदान महादान**

# बझाङ पहिरो : बेपत्ता १९ जना भेटिएनन

रासस

बझाङ, ११ कार्तिक

थलारा गाउँपालिकामा पहिरोमा परी बेपत्ता भएका १९ जना भेटिने सम्भावना न्यून हुँदै गएको छ। बेपत्ताको खोजी गर्न गएको प्रहरी टोली फिर्ता भएको छ।

यही कात्तिक पहिलो साता थलारा-४ डिक्लामा पहिरोमा परी दुई परिवारका २३ जना बेपत्ता भएका थिए । बेपत्तामध्ये चार जनाको मात्र शव फेला परेको थियो भने दुई जनाको कम्मरभन्दा मुनिको भाग मात्रै भेटिएको थियो। आठ दिनसम्म लगातार खोजी गरे पनि शव नभेटिएपछि प्रहरीले खोजी कार्य बन्द गरेको छ।

घटना लगत्तै प्रहरी टोली हेलिकप्टरमा गएर खोजीकार्य अघि बढाएको थियो। प्रहरी नायव उपरीक्षक रुपक खड्काले नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीको संयुक्त टोलीले प्रयास गरेपनि बेपत्ता व्यक्ति भेटाउन नसकेको बताउनुभयो।

"जिउँदै होलान भन्ने आशा छैन। अब भेटिने सम्भावना नदेखेर प्रहरी टोली फर्केको छ", उहाँले भन्नुभयो । आवश्यक प्रक्रिया पुऱ्याएर बेपत्ता सबैलाई मृत घोषणा गरिने प्रमुख जिल्ला अधिकारी मोहन अधिकारीले बताउनुभयो।

यसै गरी बित्थडचिर गाउँपालिका-३ का वडाध्यक्ष नरबहादुर बोहराको निधन भएको छ। श्वासप्रश्वास रोगबाट पीडित बोहराको उपचारका क्रममा आज डडेल्धुरा अस्पतालमा निधन भएको गाउँपालिकाकी उपाध्यक्ष जानकी बोहराले जानकारी दिनुभयो। उहाँ स्थानीय निर्वाचनमा नेपाली कांग्रेसबाट वडाध्यक्षमा निर्वाचित हुनुभएको थियो।


## हार्दिक श्रद्धाञ्जली



जन्म
२००४।०९।०९ गते

स्वर्गारोहण
२०७८।०७।०४ गते

स्व. रनशोभा गुरुङ

पोखरा-३, नदीपुर निवासी हाम्रा दाजु बखत बहादुर गुरुङकी धर्मपत्नी रनशोभा गुरुङको ७४ वर्षको उमेरमा असामयिक स्वर्गारोहण भएकोमा हामी स्तब्ध र मर्माहत भएका छौँ । दिवंगत आत्माको आज नवौँ दिनको पुण्य तिथिमा चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अपर्ण गर्दछौँ ।यस दु:खद् घडीमा शोक सन्तप्त परिवारजनमा सहानुभूतिका साथ हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

प्रेम बहादुर गुरुङ
सनकमान सि.के.
वसन्त उदास
उषा कायस्थ
आनन्दमान ताम्राकार
आकाश दास

अम्बर बहादुर गुरुङ
राजेन्द्र कुमार ताम्राकार
नारायण द्वा
रामजी बानियाँ
भूपेन्द्र श्रेष्ठ
प्र.ह. गौतम श्रेष्ठ